# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४४ | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | वैशाख २०७७ | अप्रिल-मे २०२०


# अधिकारी गभर्नरमा नियुक्त



नेपाल राष्ट्र बैंकको गभर्नरमा महा प्रसाद अधिकारी नियुक्त हुनुभएको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) ले २०७६ चैत २४ गते उहाँलाई रिक्त गभर्नर पदमा नियुक्त गरेको हो । अधिकारी राष्ट्र बैंकको सत्रौं गभर्नर हुनुहुन्छ ।

नवनियुक्त गभर्नर अधिकारीले चैत २५ गते पद बहाली गर्नुभयो । पदबहाली अघि उहाँले सोही दिन सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशमसेर जबरासमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ मा नेपाल राष्ट्र बैंकको गभर्नरले प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

गभर्नर अधिकारीको पदबहालीपछि उहाँको स्वागतमा बैंक परिसरमा एक संक्षिप्त कार्यक्रम आयोजना गरियो । सो अवसरमा गभर्नर अधिकारीले कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणका कारण नेपालको अर्थतन्त्रसमेत प्रभावित भएको उल्लेख गर्दै मुलुकको वित्तीय प्रणालीलाई सकारात्मक दिशातर्फ लैजान आफू प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले विशिष्ट पहिचान बनाएको उल्लेख गर्दै उहाँले बैंकको छवि, स्वायत्तता एवम् निष्ठालाई कायम राख्ने प्रतिबद्धतासमेत जनाउनुभयो ।

कोरोना भाइरसको संक्रमणका कारण व्यावसायिक वातावरण प्रभावित भएको अवस्थामा त्यसलाई समुचित सम्बोधन गर्नका निम्ति राष्ट्र बैंक तयार रहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो । उहाँले भन्नुभयो, “कोरोनाको संक्रमणले परिस्थितिलाई कहाँसम्म पुऱ्याउँछ भन्ने कुराको कुनै निश्चितता छैन । तथापि, आएका चुनौतीलाई सम्बोधन गर्नको



राष्ट्रिय समाचार समिति

निम्ति राष्ट्र बैंकले आवश्यक पहल गर्नेछ ।" राष्ट्र बैंकसँग अनुभवी र सक्षम जनशक्ति रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले बैंकका लक्ष्य र उद्देश्य प्राप्तिको निम्ति एकजुट भएर अघि बढ्न कर्मचारीहरूलाई आह्वानसमेत गर्नुभयो ।

इमान्दार र वित्तीय प्रणालीलाई बुझेको व्यक्तिलाई सरकारले गभर्नर नियुक्त गरेको उल्लेख गर्दै शुभकामना दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघका कार्यबाहक अध्यक्ष रुद्रप्रसाद तिम्सिना, नेपाल वित्तीय संस्था कर्मचारी संघ,

थियो ।

पूर्वी पहाडको खोटाङमा जन्मिनुभएका अधिकारी वि.सं. २०४२ मा नेपाल राष्ट्र बैंकको सेवा प्रवेश गर्नुभएको थियो । उहाँले सन् १९९३ मा भारतको मद्रासस्थित 'द इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इण्डिया'बाट




कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले बैंकिङ प्रणालीलाई नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने सक्षम व्यक्तिलाई बैंकले गभर्नरको रूपमा पाएको उल्लेख गर्दै गभर्नर अधिकारीको सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो । अर्का डेपुटी गभर्नर शिवराज श्रेष्ठले सक्षम,

राष्ट्र बैंक समितिका अध्यक्ष रेशमराज रेग्मी र नेपाल राष्ट्रिय कर्मचारी संगठन, राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौडीले नवनियुक्त गभर्नर अधिकारीलाई सफल कार्यकालको निम्ति शुभकामना दिँदै उहाँको कार्यकालमा बैंकको भूमिका थप गतिशील र प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभएको

चार्टर्ड एकाउन्टेन्सीको अध्ययन पुरा गर्नुभएको छ । तत्पश्चात् उहाँ उप-निर्देशक, निर्देशक, कार्यकारी निर्देशक हुँदै २०६७ मंसिरदेखि २०७२ मंसिरसम्म बैंकको डेपुटी गभर्नरको जिम्मेवारीमा रहनुभयो । गभर्नरमा नियुक्त हुनुपूर्व उहाँ लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत हुनुहुन्थ्यो ।

# निवर्तमान गभर्नर डा.नेपालको बिदाइ



नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर डा.चिरंजीबि नेपालको बिदाइ कार्यक्रम २०७६ चैत ४ गते काठमाडौंमा सम्पन्न भयो । सामान्य सेवा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठले निवर्तमान गभर्नर डा.नेपाललाई मायाको चिनो प्रदान गर्नुभयो ।

सो अवसरमा निवर्तमान गभर्नर नेपालले आफ्नो कार्यकालमा हासिल भएका प्रमुख उपलब्धिबारे चर्चा गर्नुभयो । आफ्नो कार्यकालमा बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी वृद्धि, वित्तीय सेवा र पहुँचको विस्तार, रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) को कार्यान्वयन, गोएएमएल प्रणालीको सुरुवात, बासेल-३, जोखिममा आधारित सुपरिवेक्षण तथा नेपाल वित्तीय लेखामान प्रणालीको अवलम्बन, बैंकको नयाँ भवन निर्माणको थालनी भएको उहाँको भनाइ थियो ।

निवर्तमान गभर्नर डा.नेपालले आफ्नो कार्यकालमा बैंकको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने सञ्चालक समितिका पदाधिकारी, उच्च व्यवस्थापन एवम् कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो । बैंकको कार्यसम्पादनमा सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थमन्त्रालय र अन्य निकाय, बैंक तथा वित्तीय संस्था, दातृ निकाय र सञ्चार माध्यमप्रति समेत उहाँले आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले निवर्तमान गभर्नर डा.नेपालको कार्यकालको अवधिमा पुँजी वृद्धि, वित्तीय प्रणालीको आधुनिकीकरण जस्ता क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको चर्चा गर्नुभयो । सो अवसरमा बैंक सञ्चालक समितिका सदस्य एवं अर्थ सचिव शिशिरकुमार ढुङ्गाना, सदस्यहरू प्रा.डा. श्रीराम पौडेल, रामजी रेग्मी र डा.सुबोधकुमार कर्णसहित बैंकका कार्यकारी निर्देशक र निर्देशकहरूको उपस्थिति थियो ।

कार्यक्रममा सामान्य सेवा विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक देवेन्द्र गौतमले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## वार्षिकोत्सवका कार्यक्रमहरू स्थगन

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणलाई मध्यनजर राख्दै नेपाल राष्ट्र बैंकले आफ्नो ६५औं वार्षिकोत्सवका रक्तदानबाहेकका अन्य कार्यक्रमहरू स्थगन गरेको छ ।

सामान्य सेवा विभागले २०७६ चैत ७ गते एक सूचना जारी गर्दै उक्त विभाग र उपत्यकाबाहिरका कार्यालयमा आयोजना हुने रक्तदान र स्वास्थ्य परीक्षणबाहेकका सम्पूर्ण अतिरिक्त क्रियाकलापहरू अर्को व्यवस्था नभएसम्मका लागि स्थगित गरिएको जनाएको छ । विभागका अनुसार, कोभिड-१९ को आवश्यक सतर्कता, सम्भावित जोखिमको न्यूनीकरण र सुरक्षा दृष्टिले वार्षिकोत्सवका कार्यक्रमहरू स्थगित गरिएको हो ।

बैंकले वार्षिकोत्सवका अवसरमा विगतका वर्षमा औपचारिक समारोहसँगै फुटबल, ब्याडमिन्टन, वित्तीय चेतनामूलक साईकल ऱ्याली, हाजिरी जवाफ, रक्तदान, बाल चित्रकला जस्ता विभिन्न अतिरिक्त क्रियाकलाप आयोजना गर्दै आएको थियो ।

# अनिवार्य नगद मौज्दातको अनुपात घट्यो

कोभिड-१९ महामारीका कारण उत्पन्न असहज परिस्थितिबाट मुलुकको पर्यटन, उद्योग, व्यापार, व्यवसाय तथा वित्तीय क्षेत्रमा परेको प्रभावलाई मध्यनजर गर्दै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको लागि विभिन्न नीतिगत परिवर्तन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा २०७६ चैत १६ गते जारी गरिएको सूचना अनुसार, 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दात कुल निक्षेप दायित्वको तीन प्रतिशत कायम गरिएको छ । यसअघि यो अनुपात चार प्रतिशत थियो । यस्तै, बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंकदर) छबाट पाँच प्रतिशतमा झारिएको छ । ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा स्थायी तरलता सुविधा दर पाँच, रिपो दर ३.५ र तल्लो सीमाको निक्षेप संकलन दरलाई दुई प्रतिशत कायम गरिएको छ । बैंकले स्थापना गरेको पुनरकर्जा कोषको सीमा रु.६० अर्ब कायम गरिने समेत विभागले जनाएको छ।

२०७६ चैत महिनामा असुल गर्नुपर्ने मासिक/त्रयमासिक किस्ताको (क्रेडिट कार्डसमेत) भुक्तानी २०७७ असार मसान्तसम्ममा हुने व्यवस्था मिलाउन र सो किस्ताको निम्ति कुनै किसिमको थप शुल्क वा हर्जाना लिन नपाइनेसमेत विभागले स्पष्ट पारेको छ । किस्ता असुल नभएको कारण कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्नुपर्ने छैन । त्यस्तो किस्ता २०७६ चैत मसान्तभित्र भुक्तानी गर्न आएमा सो महिनामा भुक्तानी गर्नुपर्ने मासिक/त्रयमासिक ब्याज रकममा १० प्रतिशत छुट दिनुपर्ने समेत जनाइएको छ । यसरी ब्याज छुट दिँदा आधारदरभन्दा कम गर्न भने पाइने छैन।

२०७६ चैत महिनामा नवीकरण गर्नुपर्ने कर्जाहरू नवीकरण नभएको आधारमा चैत मसान्तमा सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्न अनिवार्य हुनेछैन। चैत महिनामा भुक्तानी अवधि तोकिएका सम्पूर्ण चालू पुँजी प्रकृतिका अल्पकालीन कर्जाको भुक्तानी अवधि ६० दिनसम्म थप गर्न सकिने विभागले जनाएको छ । गत पुस मसान्तसम्म ब्याज तथा साँवा नियमित भुक्तानी गरिरहेका पर्यटन तथा यातायात क्षेत्रका ऋणीले अल्पकालीन कर्जाको माग गरेमा साँवा तथा ब्याज बक्यौता रहेता पनि आवश्यकता अनुसार निश्चित सीमासम्म संक्षिप्त प्रक्रिया अपनाई पाँच दिनभित्र कर्जा प्रवाह गर्न र यस्तो सीमा स्वीकृत गर्दा ०.२५ प्रतिशतभन्दा बढी शुल्क लिन नपाइनेसमेत विभागले स्पष्ट पारेको छ।

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा प्रयोग हुने वस्तु तथा उपकरण, औषधी, खाद्यान्नलगायत अत्यावश्यकीय मालवस्तु पैठारी तथा बिक्री वितरण सहज बनाउने प्रयोजनका लागि कर्जाको माग भएमा संक्षिप्त प्रक्रिया पूरा गरी पाँच दिनभित्र कर्जा प्रदान गर्नसमेत विभागले निर्देशन दिएको छ । विद्युतीय माध्यमबाट हुने कारोबारलाई प्रोत्साहन गरी २०७७ असार मसान्तसम्म यस्तो सेवा प्रदान गर्दा कुनै शुल्क लिन नपाइने समेत विभागको सूचनामा उल्लेख छ ।

राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी २०७६ पुस वा चैत मसान्तसम्मका लागि ब्याज पुँजीकरण गरिएका ऋणीहरूको हकमा २०७७ असार मसान्तसम्मका लागि ब्याज पुँजीकरण गर्न सकिने जनाइएको छ । बैंक जमानत जारी गर्ने संस्थाले लाभग्राहीलाई भुक्तानी दिनुपर्ने रकम नेपाल सरकारबाट संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेश समाप्त भएको मितिले सात कार्यदिनभित्र भुक्तानी दिन सकिनेछ । साथै, यस अवधिमा ग्राहकले बैंक जमानत नवीकरण गर्न अनुरोध गरेमा कुनै शुल्क नलिइ यस्तो अवधिभरका लागि नवीकरण गर्नुपर्ने उल्लेख छ।

बैंक तथा वित्तीय संस्थाले संघ र प्रदेशमा स्थापना भएका कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा योगदान गरेको रकम सामाजिक उत्तरदायित्व कोषमा गणना गर्न सकिने र कोरोना उपचारमा सहयोग पुग्नेगरी सेवा विस्तार र स्तरोन्नती गर्न चाहने स्वास्थ्य सेवा प्रदायक संस्थाहरूलाई प्रवाह गरिने कर्जालाई प्राथमिकताप्राप्त क्षेत्र अन्तर्गत गणना गर्न सकिने जनाइएको छ।

कोभिड-१९ बाट प्रभावित साना तथा मझौला उद्यमीलाई समेत प्राथमिकता दिइने र सो सुविधा चालू पुँजी कर्जाको लागिसमेत प्रदान गरिने सूचनामा उल्लेख छ। पुँजी पर्याप्तता संरचना, २०१५ मा उल्लेखित व्यवस्थाबमोजिमको काउन्टर साइक्लिकल बफरलाई स्थगन गरिएको छ।

बैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिई उद्योग व्यवसाय सञ्चालन गर्न चाहेमा निवेदन दिएको सात दिनभित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाइनेसमेत विभागले जनाएको छ।

---

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१८/०७६/७७

मिति: २०७६/१२/१६

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

विश्वव्यापी रुपमा फैलिएको Covid-19 को महामारीको कारणले उत्पन्न असहज परिस्थितिवाट मुलुकको पर्यटन, उद्योग, व्यापार, व्यवसाय तथा वित्तीय क्षेत्र समेत प्रभावित हुने देखिएको सन्दर्भमा यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख","ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहाय वमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दात कुल निक्षेप दायित्वको ३ (तीन) प्रतिशत कायम गरिएको छ।

२. यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ५ प्रतिशत कायम गरिएको छ।

३. ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा स्थायी तरलता सुविधा दर ५ प्रतिशत, नीतिगत दरको रुपमा रिपो दरलाई ३.५ प्रतिशत र तल्लो सीमाको निक्षेप संकलन दरलाई २ प्रतिशत कायम गरिएको छ।

४. बैंकले स्थापना गरेको पुनरकर्जा कोषको सीमा रु ६० अर्ब कायम गरिने छ।

५. २०७६ चैत्र महिनामा असुल गर्नु पर्ने मासिक/त्रयमासिक किस्ताहरुको (केडिट कार्ड समेत) भुक्तानी २०७७ असार मसान्त सम्ममा हुने व्यवस्था मिलाउनु पर्नेछ। सो किस्ताको हकमा कुनै किसिमको थप शूल्क वा हर्जाना (Penal Charges, Penal Interest etc.) लिन पाइने छैन। किस्ता असुल नभएको कारणले कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने छैन।

६. ऋणीले बुंदा नं. ५ बमोजिमको किस्ता २०७६ चैत्र मसान्त भित्रमा भुक्तानी गर्न आएमा चैत्र महिनामा भुक्तानी गर्नु पर्ने मासिक/त्रयमासिक व्याज रकममा १० प्रतिशत छुट दिई असुल उपर गर्नु पर्नेछ। यसरी व्याज छुट दिँदा आधारदर भन्दा कम गर्न पाइने छैन।

७. २०७६ चैत्र महिनामा नवीकरण गर्नुपर्ने कर्जाहरु नवीकरण नभएको आधारमा चैत्र मसान्तमा सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन।

८. २०७६ चैत्र महिनामा भुक्तानी अवधी तोकिएका सम्पुर्ण चालुपुँजी प्रकृतिका अल्पकालीन कर्जाहरुको भुक्तानी अवधि ६० दिन सम्म थप गर्न सकिनेछ।

९. २०७६ पुस मसान्तसम्म व्याज तथा साँवा नियमित भुक्तानी गरिरहेका पर्यटन तथा यातायात क्षेत्रका ऋणीहरुले अल्पकालीन कर्जाको माग गरेमा साँवा तथा व्याज बक्यौता रहेता पनि

# बैंकिङ सेवा सूचारु राख्न राष्ट्र बैंकको निर्देशन

नेपालमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण सरकारले जारी गरेको लकडाउनको अवधिमा सुरक्षा उपायको अवलम्बन गर्दै सर्वसाधारणमा न्यूनतम बैंकिङ सेवा प्रदान गर्न राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ चैत १२ गते 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई एक परिपत्र जारी गर्दै यस्तो निर्देशन दिएको हो । सरकारले गत चैत १२ देखि १८ गते मुलुकभर लागू हुनेगरी पहिलो चरणको लकडाउन घोषणा गरेको थियो ।

नेपाल राष्ट्र बैंकको निर्देशनमा बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकलाई सकेसम्म विद्युतीय माध्यमबाट कारोबार गर्नका निम्ति सूचित गर्नुपर्ने, एटीएम मेशीनहरूमा पर्याप्त नगद राख्ने र सोको निगरानी गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । साथै, सबै प्रदेशमा स्थानीय प्रशासनसँग समन्वय गरी सम्भव भएसम्म निश्चित समयको लागि प्रत्येक स्थानीय तहमा शाखा खोली न्यूनतम कर्मचारीबाट कारोबारको व्यवस्था मिलाउन समेत निर्देशन दिइएको छ ।

बैंक तथा वित्तीय संस्थाका विभिन्न शाखाबाट सेवा प्रवाह हुने वा नहुने सम्बन्धमा ग्राहकलाई आवश्यक सूचना दिनका लागि सम्पर्क व्यक्ति तोकी सम्पर्क नम्बरसहितको विवरण शाखाको मूल ढोका वा सूचना पाटीमा उपलब्ध गराउन समेत राष्ट्र बैंकले निर्देशन दिएको छ । यस्तै, भन्सारबाट प्राप्त हुने चेक क्लियरिङको उचित व्यवस्था मिलाउन तथा अत्यावश्यक वस्तुको आपूर्तिलाई सुनिश्चित तुल्याउन, ड्राफ्ट, टीटी, प्रतीतपत्र, ग्यारेन्टी जस्ता कारोबारहरू सञ्चालन हुने व्यवस्था मिलाउनसमेत राष्ट्र बैंकले निर्देशन दिएको छ । निक्षेप स्वीकार गर्ने इजाजतपत्रप्राप्त 'घ' वर्गका वित्तीय संस्थाले स्थानीय प्रशासनसँग समन्वय गरी काउन्टरमार्फत सम्भव भएसम्म कारोबार सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने समेत बैंकको निर्देशनमा उल्लेख छ ।

यसअघि चैत ९ गते नेपाल राष्ट्र बैंकले एक सूचना जारी गर्दै 'अत्यावश्यक सेवा'को रूपमा बैंकिङ सेवा सूचारु राख्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको थियो । कर्मचारीमा हुनसक्ने संक्रमण तथा संस्थाको व्यवसाय निरन्तरतालाई मध्यनजर राख्दै न्यूनतम कर्मचारीबाट सेवा सूचारु राख्न र त्यसको निम्ति कर्मचारीलाई रिमोट एक्सेस, वर्क फ्रम होम र सिफ्ट अनुसार कार्य गराउन निर्देशन दिइएको थियो ।

बैंकिङ सेवा प्रवाहमा प्रत्यक्ष रूपमा संलग्न रहने कर्मचारी र सेवाग्राहीको स्वास्थ्य सुरक्षा तथा संक्रमणको सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम उपायहरू अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने बैंकको निर्देशनमा उल्लेख थियो । साथै, सेवाग्राहीको भीडभाड नहुने सुनिश्चितताका साथ सेवा प्रवाह गर्न समेत राष्ट्र बैंकले निर्देशन दिएको थियो ।

# विद्युतीय माध्यमबाट गरिने कारोबारको सीमा वृद्धि

नेपाल राष्ट्र बैंकले विद्युतीय माध्यमबाट गरिने भुक्तानी कारोबारको अधिकतम सीमा वृद्धि गरेको छ । बैंकले भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूलाई जारी गरेको अ.प्रा.निर्देशन ५/२०७६ मा संशोधन गर्दै यस्तो सीमा बढाएको हो ।

भुक्तानी प्रणाली विभागद्वारा २०७६ चैत ९ गते जारी गरिएको परिपत्र अनुसार, मोबाईल बैंकिङ (क्यूआर कोडसमेत) बाट प्रतिदिन रु.एक लाख र प्रतिमहिना रु.१० लाखसम्म कारोबार गर्न सकिनेछ । यसअघि यो सीमा क्रमशः रु.५० हजार र रु.दुई लाख थियो । ईन्टरनेट बैंकिङबाट दैनिक तथा मासिक रूपमा हुने भुक्तानीको सीमा भने यथावत राखिएको छ । यस अनुसार, ईन्टरनेट बैंकिङतर्फ मर्चेन्ट पेमेन्ट र एकाउन्ट ट्रान्सफरको प्रतिदिन कारोबार सीमा रु.१० लाख तोकिएको छ भने प्रतिमहिना कारोबारको सीमा क्रमशः रु.३० लाख र रु.५० लाख कायम गरिएको छ ।

यसैगरी, वालेटबाट अन्य बैंक खातामा हुने र एक वालेटबाट अर्को वालेटमा फण्ड ट्रान्सफर गर्दा प्रतिकारोबार रु.२५ हजारका दरले प्रतिदिन रु.एक लाख र प्रतिमहिना अधिकतम रु.पाँच लाखसम्म कारोबार गर्न मिल्ने व्यवस्था मिलाइएको छ । यसअघि प्रतिदिन रु.२५ हजारका दरले प्रतिमहिना रु.५० हजारसम्म वालेटबाट बैंक खाता र एक वालेटबाट अर्को वालेटमा फण्ड ट्रान्सफर गर्न मिल्ने व्यवस्था थियो ।

साथै, वालेटमा अधिकतम रु.२५ हजारभन्दा बढी मौज्दात ओभरनाइट राख्न नपाइने र वालेटबाट वालेट बाहकको बैंक खातामा रकमान्तर गर्दा कुनै शुल्क लिन नपाइने व्यवस्था समेत राष्ट्र बैंकले गरेको छ ।

# भुक्तानी सेवा सूचारु राख्न निर्देशन

नेपाल राष्ट्र बैंकले कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण सिर्जित असहज अवस्थामा समेत भुक्तानी सेवा सूचारु हुने व्यवस्था मिलाउन बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकलाई सूचित गरेको छ ।

भुक्तानी प्रणाली विभागले २०७६ चैत ९ गते एक सूचना प्रकाशित गर्दै भुक्तानी कारोबारको निम्ति अनुमतिप्राप्त संस्थाहरूले आ-आफ्नो व्यवसाय निरन्तरता योजना परीक्षण गरी भुक्तानीसम्बन्धी कार्य सहज रूपमा हुनेसक्ने अवस्थाको यकिन गर्न समेत सूचित गरेको छ । साथै, यससम्बन्धी व्यवस्थाको जानकारी यथाशीघ्र विभागमा उपलब्ध गराउन समेत अनुरोध गरिएको छ ।

# आरटीजीएससमार्फत हुने कारोबारमा शुल्क नलाग्ने

नेपाल राष्ट्र बैंकले रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणालीबाट हुने भुक्तानी कारोबारमा कुनै शुल्क नलाग्ने व्यवस्था गरेको छ।

भुक्तानी प्रणाली विभागद्वारा २०७६ चैत ९ गते जारी सूचना अनुसार चैत १० गतेदेखि लागू हुनेगरी अर्को व्यवस्था नभएसम्मका निम्ति आरटीजीएस कारोबारमा कुनै शुल्क नलाग्ने जानकारी दिएको छ । कोभिड-१९ को संक्रमणको प्रतिकूल परिस्थितिमा विद्युतीय भुक्तानीलाई सहज बनाउने उद्देश्यले शुल्क नलाग्ने व्यवस्था मिलाइएको बैंकले जनाएको छ। विद्युतीय भुक्तानीका उपकरणबाट गरिने कारोबारलाई सहज बनाउने उद्देश्यले बैंक तथा वित्तीय संस्थामार्फत हुने ठूलो मूल्यको भुक्तानीका निम्ति आरटीजीएस प्रणाली कार्यान्वयनमा ल्याइएको हो।

साथै, सम्भव भएसम्म नगद कारोबारको सट्टा विद्युतीय कारोबार गरी छिटो, छरितो र सुरक्षित कारोबारबाट लाभ लिनसमेत बैंकले सबैलाई अनुरोध गरेको छ।

# सटही सुविधासम्बन्धी व्यवस्था

कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण सिर्जित असहज अवस्थामा नेपाल राष्ट्र बैंकले विदेशमा रहेका नेपाली विद्यार्थीलाई निर्वाह खर्च वापतको सटही सुविधा दिइने व्यवस्था गरेको छ । शिक्षा मन्त्रालयको नो अब्जेक्सन लेटर/प्रमाणपत्र नभएतापनि यस्तो सुविधा प्रदान गरिनेछ।

बैंकले 'एकीकृत परिपत्र-२०७६' को परिपत्र नं. ०९/२०७६ को दफा (३) को खण्ड (ङ) मा संशोधन गर्दै यस्तो सुविधाको व्यवस्था गरेको हो । विदेशी विनिमय व्यवस्थापन विभागले २०७६ चैत १९ गते सोसम्बन्धी परिपत्र जारी गरी त्यस्तो सुविधाको निम्ति विभिन्न शर्त तोकेको छ।

यस अनुसार यसरी पठाइने रकमको लाभग्राही हाल विदेशमा रहेका नेपाली विद्यार्थी हुनुपर्ने र यस्तो रकम पठाउँदा सम्बन्धित विद्यार्थी विदेशमा रही अध्ययन गरिरहेको खुल्ने कागजात बैंक तथा वित्तीय संस्थामा पेश गर्नुपर्नेछ। यस्तो सटही रकम प्रति विद्यार्थी बढीमा अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म एक पटक मात्रै पठाउन सकिनेछ । विद्यार्थीका अभिभावक वा आफन्तले मात्रै यसरी रकम पठाउन पाउनेछन् । सटही सुविधा माग गर्ने व्यक्तिले अन्य बैंक तथा वित्तीय संस्थाबाट यस प्रकारको सटही सुविधा नलिएको स्वघोषणा पेश गर्नुपर्ने र रकम दुरुपयोग भएको पाइएमा सम्बन्धित अभिभावक/आफन्त स्वयम् जिम्मेवार हुनुपर्ने बैंकको परिपत्रमा जनाइएको छ।

साथै, विभागले सुन आयात तथा विक्रीसम्बन्धी व्यवस्थामा संशोधन गर्दै दैनिक १० केजीसम्म सुन आयात गर्न सकिने व्यवस्था गरेको छ । यसअघि यो सीमा २० केजी तोकिएको थियो । विभागको परिपत्र अनुसार, नधुल्याइएको मरिच, सुपारी, केराउ, छोकडा, तयारी मदिरा र अमेरिकी डलर ५० हजारभन्दा बढी मूल्यका सवारी साधनको पैठारी अर्को व्यवस्था नभएसम्म पूर्ण रूपमा बन्देज लगाइएको छ । यसको निम्ति विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न नपाइने समेत विभागले जनाएको छ।

यसैगरी विदेशी विनिमय व्यवस्थापन विभागले चैत १४ गते अर्को परिपत्र जारी गर्दै साइप्रसमा रहेका नेपाली विद्यार्थीलाई निर्वाह खर्च वापत युरो ३०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा सटही गर्ने सुविधा उपलब्ध गराइने जनाएको छ । त्यसको निम्ति शिक्षा मन्त्रालयको नो अब्जेक्सन लेटर/प्रमाणपत्र आवश्यक नपर्ने विभागको परिपत्रमा उल्लेख छ।

# कोभिड-१९ को असरबारे अध्ययन कार्यदल गठन

कोभिड-१९ को विश्वव्यापी संक्रमणसँगै नेपालको अर्थतन्त्र र वित्तीय प्रणालीमा परेको असरको अध्ययन गरी त्यसलाई सम्बोधन गर्न अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे सुझाव पेश गर्नको निम्ति नेपाल राष्ट्र बैंकले एक कार्यदल गठन गरेको छ।

गभर्नर महा प्रसाद अधिकारीको २०७६ चैत २५ को निर्णय अनुसार बैंकका प्रवक्ता एवम् अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकरण भट्टको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन भएको हो । कार्यदलमा बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक सुपरिवेक्षण विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक र नेपाल बैंकर्स संघका अध्यक्ष सदस्य तथा अनुसन्धान विभाग, मौद्रिक तथा पुँजी बजार शाखाका निर्देशक सदस्य-सचिव तोकिनुभएको छ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
शिवप्रसाद घिमिरे

*सम्पादन सहयोगी*
विष्णुदत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार